१३ औं

चितवनको गौरव र गरिमामय प्रस्तुति

# चितवन महोत्सव-२०७८

पौष २५ - माघ ४, २०७८ । प्रदर्शनी मैदान, नारायणी नदी किनार, नारायणगढ

## आन्तरिक सुरक्षा व्ववस्थापन समितिको
## गोप्य शिलवन्दी कोटेशन पेश गर्ने सम्बन्धि सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०७८ मंसिर १७ गते

चितवनको गौरव र गरिमामय प्रस्तुती चितवन महोत्सव-२०७८ आगामी पौष २५ गते देखी माघ ४ गते सम्म प्रदर्शनी मैदान, नारायणी किनार, नारायणगढ, चितवनमा आयोजना हुन गैरहेको र उक्त महोत्सवको आन्तरिक सुरक्षा ब्यवस्थाको लागि सुरक्षाकर्मि आपूर्ति गर्नुपर्ने भएकोले ईच्छुक सुरक्षा सेवा कार्यगर्ने संस्था/फर्म/कम्पनीले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्रमा नियमानुसार गोप्य शिलबन्दी कोटेशन पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ । कोटेशन महोत्सवको सचिवालयबाट रु १,०००।००( अक्षेरुपी एक हजारमात्र, फिर्ता नहुने गरि) प्राप्त गर्न सकिनेछ ।

### कोटेशन पेश गर्नको लागि आवश्यक योग्यता :

१. सुरक्षा सेवा आपूर्ति गर्ने कम्पनी नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको , नवीकरण भएको हनुपर्नेछ ।
२. श्रमिक आपूर्तिकर्ताको ईजाजत पत्र प्राप्त भएको हुनुपर्नेछ ।
३. सुरक्षा गार्डमा कार्यगर्ने ब्यक्तिको दुर्घटना तथा स्वास्थ्य वीमा गरिएको हुनुपर्नेछ ।
४. जिल्ला प्रशासन कार्यालयबाट सुरक्षा सेवा कार्य सञ्चालन अनुमति लिएको हुनुपर्नेछ ।
५. गत आर्थिक बर्षको करचुक्ता प्रमाण पत्र वा चालु बर्षको पौष मासन्तसम्म म्याद थप गरिएको प्रमाण पेश गर्नुपर्नेछ ।
६. सुरक्षाकर्मिहरु पूर्वसैनीक तथा पूर्वप्रहरी भएको हुनुपर्नेछ ।
७. कम्तिमा ५ बर्ष लगातार श्रमिक आपूर्ति गरेको हुनुपर्नेछ ।
८. सेवा प्रदायक सुरक्षा कम्पनी/संस्थाले आवश्यकता अनुसारका सञ्चार उपकरण उपलब्ध गराउनुपर्नेछ ।
९. सुरक्षाका लागि आवश्यक उपकरण फायर फाईटर, लठ्ठी, खुकुरी, मेटल डिटेक्टर लगायतका सामाग्री भएको हुनुपर्नेछ ।
१०.कम्तिमा १० ठूला महोत्सवमा (चितवन महोत्सव स्तरका) सुरक्षाकर्मि आपूर्ति गरेको हुनुपर्नेछ ।
११. कम्तिमा १०० जना सुरक्षाकर्मिहरु उपलब्ध भएको हुनुपर्नेछ ।
१२ कोटेशन शिलवन्दि सहित लाहछाप लगाएको हुनुपर्नेछ ।

*कोटेशन स्विकृत गर्ने वा नगर्ने अधिकार आन्तरिक सुरक्षा ब्यवस्थापन समितिमा निहित रहनेछ ।*


***विस्तृत जानकारीको लागि सम्पर्कः***

*चितवन महोत्सव -२०७८ को सचिवालय*

***उद्योग वाणिज्य संघ-चितवन***

*फोन नं. ०५६-५९६१०८, ५९६२०८,५९६३०८*

*ईमेलः ccicchitwan@gmail.com*


*पुनश्चः यो सूचना संघको वेवसाईटः www.ccichitwan.org.np मा समेत हेर्न सकिनेछ ।*